नगरपालिकाबाट स्वीकृत मिति - २०७९/०६/०८

# शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ठाडा अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिका
## ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने कार्यविधि २०७९

# **८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९**

**परिचय**

शितगंगा नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने नगरबासी मध्ये ८४ वर्ष उमेर पुग्ने जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा जेष्ठ पाका पुस्ता उमेरका नागरिकहरुलाई सम्मान स्वरुप रु २५०००।- सहयोग उपलब्ध गराउन एघारौं नगर सभाबाट स्वीकृत नीति र वजेट व्यवस्थापन अनुसार ८४ वर्ष उमेरका वृद्धा वृद्धाहरुको मनोवल उच्च तुल्याउन ८४ औं वर्षगाँठको जन्म दिनको अवसरमा एक पटकको लागि मात्र एकमुष्ठ रु. २५ हजार उपलब्ध गराउने उदेश्यले "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९**" तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः १ यस कार्यविधिको नाम "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९**" रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखि तुरुन्तै लागू हुने छ ।

**परिभाषा** :- विषय वा प्रसङगले अर्को अर्थ नलागेमा

क) "नगरपालिका" भन्नाले शितगंगा नगरपालिका सम्झनुपर्छ ।

ख) "व्यवस्थापन/समन्वय समिति" भन्नाले "**८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ भै वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९**" लाई सु-व्यवस्थित एवं पारदर्शि तवरले सञ्चालन गर्ने र अनुगमन मुल्याङकन गर्ने समेतको समितिलाई बुझ्नुपर्छ ।

ग) "वडा कार्यालय" भन्नाले यस नगरपालिका अन्तर्गतका वडा कार्यलयहरु सम्झनुपर्छ ।

## परिच्छेद - २
## उद्धेश्य, मापदण्ड र क्षेत्र

**उद्धेश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा २५०००।- अनुदान दिने कार्यक्रम संचालन गर्नु यसको मुख्य उदेश्य रहेकोछ ।

**क्षेत्र:** यस कार्यक्रमलाई देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ ।

- यस नगरपालिका भित्र बसोवास गर्ने ८४ वर्ष उमेरका जेष्ठ नागरिक बृद्ध/बृद्धाहरुलाई ८४ वर्ष उमेर पुगीसकेपछी ८४ वर्ष गाँठको उपलक्ष्यमा जन्म दिनको अवसरमा एक पटकको लागि मात्र २५०००।- सहयोग उपलब्ध गराउनु र ८४ वर्ष उमेर पुगी सकेका नगरबासीलाई समेत एकपटकको लागि उक्त सहयोग उपलब्ध गराउनु यसको क्षेत्र पर्दछ ।

**मापदण्डः** ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा जन्म दिनको अवसरमा रु २५०००।- सहयोग दिने कार्यक्रमको मापदण्ड देहाय बमोजिम रहेको छ ।

- यस नगरपालिका भित्र स्थायी वसोवास गर्ने ८४ वर्ष उमेर पुग्ने बृद्ध/बृद्धाहरु ।
- एक पटकको लागि यस नगरपालिका भित्र स्थायी वसोवास गर्ने ८४ वर्ष उमेर पुगीसकेका बृद्ध/बृद्धाहरु ।
- सहयोग रकम एक पटक मात्र उपलब्ध हुने ।
- सम्बधित वडाको सामाजिक सुरक्षा भत्ता कार्यक्रममा सुचिकृत भएको ।
- नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने ।
- सम्बन्धित वडाको सिफारिस ।
- ८४ वर्ष उमेर पुरा भएको जन्म दिनको अवसरमा सम्मानको लागि रकम उपलब्ध गराईने ।
- उक्त रकम सम्बन्धित व्यक्तिको हातमा उपलब्ध गराइने छ ।

## परिच्छेद - ३
## समन्वय समिति

८४ वर्ष उमेर पुगेको अवसरमा ८४ वर्ष गाँठको उपलक्ष्यमा एक पटकको लागि मात्र २५०००।- सहयोग उपलब्ध गराउने कार्यक्रमलाई सु-व्यवस्थित ढंगले अगाडी बढाउन र अनुगमन गरी राय सुझाव पेश गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

संयोजक - नगर उप प्रमुख

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- वडा अध्यक्ष सम्बन्धित वडाको

सदस्य- संयोजक सामाजिक विकास समिति

सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिव- महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

- समन्वय समितिको वैठकमा आवश्यकता अनुसार यस्तै कार्यक्रम संचालन गर्ने व्यक्ति/संस्थालाई सदस्य एवं विषय विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ।
- आफ्नो कार्यविधि थप गर्न, कार्यक्रम संचालन र व्यवस्थापन गर्न समन्वय समिति स्वायत्त हुनेछ ।

**समितिको काम कर्तव्य र अधिकार**

- कार्यविधिको पूर्ण पालना गर्ने गराउने।
- स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- आवश्यक परे थप मापदण्ड बनाइ कार्यान्वयन गर्ने।
- यस्तै सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने।

**समितिको बैठक र निर्णय**

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।
- समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।
- समितिको कुल सदस्य संख्याके ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ।
- समितिको बैठकको निर्णय सदस्य सचिवले उठाउने छ।

## परिच्छेद -४

## कार्यान्वयन प्रकृया

८४ वर्ष उमेर पुगेको अवसरमा ८४ वर्ष गाँठको उपलक्ष्यमा एक पटकको लागि मात्र २५०००।- सहयोग उपलब्ध गराउने कार्य निम्न प्रकृयाबाट कार्यन्वयन गरिने छ।

क. नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने छ।

ख. नगरपालिकाको स्थायी वासिन्दा भएको वडाको सिफारिस पत्र पेश गर्नु पर्ने।

ग. ८४ वर्ष पुग्नु भन्दा कम्तीमा १ महिना पहिले नागरिकताको प्रमाण पत्र र वडाको सिफारिस सहित संरक्षकले निवेदन यस नगरपालिकामा पेश गर्नु पर्ने।

घ. हाल उमेर पुगीसकेकाहरुको हकमा एक पटकको लागि कार्यविधि स्वीकृत भएको मितिले १ महिना भित्र नगरपालिकाले १५ दिनको सूचना प्रकाशन गरी प्राप्त हुने निवेदनलाई छानविन गरी उपलब्ध गराउने।

ङ. सकेसम्म ८४ वर्ष उमेर पुग्ने दिनमा रकम उपलब्ध गराउने।

**परिच्छेद -५**

**विविध**

३. कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ।

४. बैठक भत्ता नगरपालिकाका अन्य समितिले पाए सरहको बैठक भत्ता दिइने छ।

५. समितिले आफुले गरेको कामको अभिलेख राख्नु पर्नेछ।

६. नगरपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाइ निर्देशन दिन सक्नेछ।

७. नगरपालिकाको निर्णयबाट यस कार्विधिलाइ आवश्यक्ता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ।

**प्रमाणित मितिः- २०७९/०६/०८**

आज्ञाले
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत